# 'सावित्रीको बाख्रो' कथामा वर्णविन्यास वक्रता

**डिल्लीराम ढकाल**
उपप्राध्यापक, नेपाली विभाग
नेसंवि, याज्ञवल्क्य लक्ष्मीनारायण विद्यापीठ, महोत्तरी, नेपाल
Email; dkl.dilliram@gmail.com

**सारसङ्क्षेप**

पूर्वीय साहित्यशास्त्रहरूमध्ये वक्रोक्ति एक महत्त्वपूर्ण समन्वयशील सिद्धान्त हो । पूर्ववर्ती रस, ध्वनिको भावरमणीयता, अलङ्कार र रीतिको भाषिक कौशलको समन्वयका रूपमा स्थापित वक्रोक्ति सिद्धान्तमा कुन्तकले मुख्यतः वर्णविन्यास वक्रता, पदपूर्वाध वक्रता, पदपरार्ध वक्रता, वाक्य वक्रता, प्रकरण वक्रता, प्रबन्ध वक्रता गरी छ भेदको विश्लेषण गरेका छन् । यी छ भेदमध्ये प्रस्तुत विवेच्य लेखमा वर्णविन्यास वक्रतालाई मुख्य आधार मानी कथाको अध्ययन, विश्लेषण गरिएको छ । सोद्देश्यमूलक नमुना छनौट पद्धतिको प्रयोग गरिएको प्रस्तुत लेखमा कथावस्तुलाई मुख्य स्रोतका रूपमा उपयोग गरिएको छ । कथालाई विश्लेषण गर्ने क्रममा वक्रोक्ति सिद्धान्तको सङ्क्षिप्त चर्चा गरी त्यसका छ भेदमध्ये वर्णविन्यास वक्रता एवम् त्यसका उपभेदहरू एक वर्णविन्यास वक्रता, द्वि वर्णविन्यास वक्रता, बहुवर्ण विन्यास वक्रता, वर्गान्तरयोगीस्पर्श वर्णविन्यास वक्रता, त-ल-नादि वर्णविन्यास वक्रता र रकारादि वर्णविन्यास वक्रतालाई मुख्य आधार मानिएको छ । विवेच्य लेखमा प्राथमिक र द्वितीय स्रोतको प्रयोग गरी वर्णनात्मक पद्धतिको उपयोग गरिएको छ । निगनात्मक पद्धतिको प्रयोग गरिएको प्रस्तुत लेखमा वर्णविन्यास वक्रताको सापेक्षतामा राखेर निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी :** कथा, वक्रोक्ति, वर्णविन्यासवक्रता, रकारादि, त-ल-नादि

## विषयपरिचय

एउटा बाख्रोको माध्यमबाट मुख्य पात्र सावित्रीको मनमा उत्पन्न हुने भावहरूलाई समेटिएको प्रस्तुत कथा एक मनोवैज्ञानिक कथा हो । यसै कथालाई मुख्य आधार मानी वक्रोक्ति सिद्धान्तअन्तर्गत वर्णविन्यास वक्रता प्रयोगको विश्लेषणको विषयमा प्रस्तुत लेख केन्द्रित छ । आख्यानकार भवानी भिक्षुद्वारा रचित 'आवर्त' कथासङ्ग्रहमा सङ्गृहीत 'सावित्रीको बाख्रो' कथामा वर्णविन्यास वक्रताका कुन कुन भेदहरूको प्रयोग गरिएको छ ? भन्ने समस्यमा केन्द्रित छ । यही समस्यासँग अनुबन्धित भएर वक्रोक्ति सिद्धान्तका आधारमा अध्ययन अनुसन्धान गर्नु यस लेखको मुख्य उद्देश्य हो । यसै क्रममा विवेच्य लेखसँग सम्बन्धित केही पुस्तकालयीय तथा केही विद्दुतीय सामग्रीलाई यहाँ प्रस्तुत गर्ने जमर्को गरिएको छ । सावित्रीको कथमा प्रयुक्त विषयवस्तुलाई घरेलु सत्यका रूपमा स्विकार्दै अनेक नराम्रा कार्यहरूभित्र पनि मानव जीवनको कुनै भागमा सद्वृत्ति उत्पन्न हुन्छ (भिक्षु,२०३८, भूमिका खण्ड (क)) । उक्त भूमिका खण्डमा विषयवस्तुलाई उजागर गरिए पनि वक्रताको बारेमा उल्लेख गरिएको पाइँदैन । मानव मनमा प्रेम, ईर्ष्या, घृणा, आवेग, क्रोधजस्ता विविध भावहरू समयअनुसार परिवर्तन भइरहन्छन् । कुनै वस्तुप्रतिको भाव पनि समयसँगै परिवर्तन हुन सक्छ । समयको अन्तरालमा विचार परिवर्तन भई प्रारम्भमा मन नपरेको वस्तु पनि पछि मन पर्न सक्छ भने प्रारम्भमा मन परेको वस्तु कालान्तरमा मन नपर्न पनि सक्छ (घोडासैनी, २०७७, पृ.११६) । घोडासैनीले विवेच्य कथाको सन्देशलाई मात्र प्रस्तुत गरेका छन् । वक्रताको बारेमा उल्लेख गरेका छैनन् । 'सावित्रीको बाख्रो' कथामा मुख्य पात्रको रूपमा रहेकी जिद्दी स्वभाव भएकी तर मातृवात्सल्यताले भरिपूर्ण पात्र हो । कसैलाई माया गर्न र कसैबाट नजिकको माया पाउनबाट

वञ्चित सावित्री बाख्रोले सागपात, फलफूल खाइदएकोमा दुखी र उत्तेजित पनि भएकी छ तर माया अस्थिर स्वभावकी सावित्री मानसिक कुण्ठामा रुमल्लिँदै त्यही बाख्रलाई बाख्रालाई माया गर्न पुगेकी छे (पोख्रेल,२०२४, पृ.६८-८०)। उक्त भनाइमा कथाकी मुख्य पात्रको बारेमा उल्लेख गरिए तापनि विवेच्य विषयका बारेमा चर्चा गरिएको छैन। "कथामा क्षणक्षण परिवर्तनशील हुने मानवीय चेतना, हरेक प्राणीमा स्वभाव समय र परिस्थितिले आउन सक्ने परिवर्तन, तथाकथित पदअनुसार प्रेममा हुने दृष्टिकोण, अधिकार जमाउने खोज्ने कच्चा प्रेमजस्ता मानवीय संवेदना र स्वभावलाई उतारिएको छ " ( बस्नेत,२०८०, तेस्रो, अ.)। प्रस्तुत भनाइमा प्रेमको बारेमा उल्लेख गरिए पनि वक्रताको बारेमा कुनै सङ्केत प्राप्त गर्न सकिदैन। डा. वासुदेव त्रिपाठीले भिक्षुको कथा 'सावित्रीको बाख्रो' (२०१८) बारे उल्लेख गर्दा 'एक्लो स्वास्नीविहीन सहरी घरमालिक र उसकी गार्हस्थ भान्से नोकर्नी नारीबीच स्वामी नोकर्नीका व्यवसाय–सम्बन्धका क्रममा आइपर्ने कतिपय सूक्ष्म नरनारी रँडाका अन्तर्जटिलता–असमञ्जसको सन्दर्भ कथामा रहेको छ " (दिकपाल, २०७९, अनु. २४) I त्रिपाठीले श्रीमतीविहीन पुरुष र सेविका बिचको सम्बन्धको बारेमा आफ्नो मत प्रकट गरे पनि विवेच्य विषयको बारेमा सङ्केत गरेका छैनन्।

अतः'सावित्रीको बाख्रो' कथामा आधारित विभिन्न समीक्षकहरूले कलम चलाए पनि वर्णविन्यास वक्रतामा आधारित भएर कुनै पनि अध्ययन गरेको नदेखिएकोले यस लेखमा 'सावित्रीको बाख्रो' कथाको वर्णविन्यास वक्रताको अध्ययन गर्ने उद्देश्य राखिएको छ। यसका लागि 'सावित्रीको बाख्रो' कथामा वर्णविन्यास वक्रताको प्रयोग के कसरी भएको छ ? भन्ने मुख्य समास्यामा केन्द्रित भएर प्रस्तुत लेख तयार गरिएको छ। वर्णविन्यास वक्रतालाई मात्र प्रयोगमा ल्याउनु यस लेखको सीमा रहेको छ।

## अध्ययन विधि

यस अध्ययनमा निम्नानुसारको अध्ययन विधि अवलम्वन गरिएको छः

**अनुसन्धानको ढाँचा** : प्रस्तुत लेखको अध्ययनीय ढाँचा गुणात्मक रहेको छ। यसमा दस्ताबेजबाट प्राप्त तथ्यको विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गरिएको छ।

**नमुना छनोट :** प्रस्तुत अध्ययनमा 'सावित्रीको बाख्रो' कथाका विभिन्न अनुच्छेदहरूलाई जनसङ्ख्या मानी सोद्देश्यमूलक नमुना छनोट पद्धतिका आधारमा वक्रताका विभिन्न भेदहरू प्रयोग भएका वाक्यहरूको चयन गरिएको छ।

**तथ्य सङ्कलन** : प्रस्तुत अध्ययनमा 'सावित्रीको वाख्रो' कथासँग सम्बन्धित विभिन्न कृति र लेखलाई मुख्य आधार बनाई तथ्य सङ्कलन गरिएको छ।

**तथ्य सङ्कलका साधन :** प्रस्तुत अध्ययनमा प्राथमिक र द्वितीय स्रोतसँग सम्बन्धित विभिन्न पत्रपत्रिका , पुस्तकमा प्रकाशित लेख र विद्युतीय माध्यम तथा 'सावित्रीको वाख्रो' कथामा निहित कथांशहरूलाई मुख्य रूपमा उपयोग गरिएको छ। अत: यस अध्ययनसँग सम्बन्धित सामग्रीको गहन अध्ययन र विश्लेषण गरी निष्कर्ष निकाल्ने प्रयास गाएको छ।

**तथ्य विश्लेषण प्रक्रिया** : प्रस्तुत अध्ययनमा प्राप्त तथ्यको विश्लेषण गरी त्यसका पुष्टिका लागि उदाहरणको उपयोग गरी विश्लेषण गरी विष्लेषण गरिएको छ। आगमनात्मक विधि र निगमनात्मक विधिको प्रयोग गरिएको यस अध्ययनमा दुवै विधिको माध्यमबाट तथ्यको विश्लेषण गरेर निष्कर्षमा पुगिएको छ।

## सैद्धान्तिक पर्याधार

विवेच्य लेखको सैद्धान्तिक पर्याधारको रूपमा पौरस्त्य वाङ्मयको वक्रोक्ति सिद्धान्तलाई उपयोग गरिएको छ। पूर्वीय काव्यशास्त्रका प्रमुख सिद्धान्तमध्ये वक्रोक्ति एक समन्ययवादी सिद्धान्त हो। यस सिद्धान्तका प्रवर्तक आचार्य कुन्तक हुन्। उनी दसौँ

शताब्दीको पूर्वार्धतिरका हुन् । वक्रोक्ति शब्द वक्र र उक्ति मिलेर बनेको समस्त शब्द हो । वक्रको अर्थ बाङ्गो या टेढो र उक्तिको अर्थ भनाइ हो । साहित्यिक भाषामा वक्रोक्तिको अर्थ सुन्दा सामान्य लागे पनि घुमाउरो पारमा विशेष अर्थ प्रदान गर्ने कथन हो । नेपाली बृहत् शब्दकोशअनुसार काव्यमा काकु वा श्लेषद्वारा भिन्न अर्थ उत्पन्न हुने एक अर्थालङ्कार या साहित्यमा वक्रशैलीबाट प्रस्तुत गरिने अभिव्यक्ति अथवा व्यङ्ग्यलाई वक्रोक्तिका रूपमा अर्थ्याइएको छ (पोख्रल र अन्य, २०७५) । सामान्य भनाइभित्र अन्तर्निहित विलक्षणार्थलाई उजागर गर्ने साङ्केतिक अभिव्यक्तिलाई वक्रोक्तिका रूपमा परिचित गर्न सकिन्छ । सामान्य वा चलनचल्तीमा रहेको अभिधार्थभन्दा भिन्न असाधारण चमत्कारले परिपूर्ण अभिव्यक्तिलाई वक्रोक्तिका रूपमा परिचित गर्न सकिन्छ (बराल,२०२१, पृ.९७) । पौरस्त्य साहित्यचिन्तनमा वक्रोक्तिलाई समन्वयशील सिद्धान्तका रूपमा लिन सकिन्छ । कुन्तकको वक्रोक्तिसम्बन्धी अवधारणा शब्द र अर्थमा न अल्झिएर अलि पर वर्ण, पद, वाक्य, प्रकरण र प्रबन्धसम्मको आयातनमा प्राप्त हुने अर्थसौन्दर्यको खोजीमा अग्रसर भएको पाइन्छ । रचनाको लघुतम एकाइदेखि बृहत्तम एकाइसम्मका घटकहरूमा हुने कविकर्मको काव्यिक चमत्कृतिले साहित्यिक रचना परिपुष्ट हुने अवधारणाको जनकको रूपमा वक्रोक्ति सिद्धान्तलाई ग्रहण गर्न सकिन्छ (शर्मा,२०२२, पृ.११२) "विशेष प्रकारको कथनका लागि वर्ण, पद, वाक्य, प्रकरण तथा समग्र प्रबन्धमा विदग्धतापूर्ण कथनको आवश्यकता पर्दछ । यीमध्ये कुनैमा त्रुटि वा दोष देखिएमा त्यसले समग्र काव्यको आह्लादकत्वमा क्षति पुऱ्याउँछ त्यसैले काव्य सर्वाङ्ग विदग्धतापूर्ण कथनमा आबद्ध हुनुपर्दछ " (भट्टराई, २०२०, पृ.१००) ।

पौरस्त्य साहित्य सिद्धान्त चिन्तनको परम्परामा आचार्य भरतमुनिको स्थान उच्च छ । उनले संस्कृत वाङ्मयमा सैद्धान्तिक पक्षको आरम्भ गरे । उनको नाट्यशास्त्र पूर्वीय वाङ्मयको महत्वपूर्ण ग्रन्थ हो । नाट्यशास्त्रका जनक भरतमुनिबाट भए तापनि वक्रोक्ति बारे विमर्श गर्ने पहिलो व्यक्ति आचार्य भामह हुन् । उनले काव्यालङ्कारमा वक्रोक्तिको विश्लेषण गरेका छन् । उनका विचारमा शब्द वक्रता र अर्थ वक्रताको समन्वयशील सिद्धान्त वक्रोक्ति हो । काव्यमा मुख्यतः अतिशयोक्ति र वक्रोक्ति गरी दुई ओटा अलङ्कारहरू सबै अलङ्कारका मुख्य आधार हुन् । वक्रोक्ति अलङ्कारविना अरू अलङ्कारको महत्त्व हुँदैन । वक्रोक्ति अलङ्कारको प्रयोगले काव्यमा विलक्षण चमत्कृतिको सिर्जना हुन्छ (शर्मा, २०२२, पृ. ११७) । माथिको अभिमतलाई यस श्लोकले अझ स्पष्ट पारेको छ -

> "सैषा सर्वत्र वक्रोक्तिरनयार्थो विभाव्यत
> यत्स्नोस्यां कविना कार्यः कोऽलङ्कारोऽनया विना " (देवेन्द्रनाथ,१९८५, पृ.६२) ।

वक्रोक्तिका बारेमा दण्डीको विचार भामहसँगै मिल्दोजुल्दो देखिन्छ । उनले सबै अलङ्कारको स्रोतको रूपमा वक्रोक्तिलाई मानेका छन् । उनले वाङ्मयलाई दुई भागमा विभाजन गर्दै वक्रोक्तिले प्रदान गर्ने अर्थसौन्दर्य स्वभावोक्तिले प्रदान गर्न नसक्ने विचार व्यक्त गरेका छन् । उदाहरणका रूपमा काव्यदर्शको यस श्लोकलाई लिन सकिन्छ -

> "श्लेषः सर्वासु पुष्पाति प्रायः वक्रोक्तिसु श्रियम्
> द्विधा भिन्न स्वभावोक्ति वक्रोक्तश्चेति वाङ्मयम् " (शास्त्री,१९३८, पृ.२८१) ।

पूर्वीय काव्यचिन्तनमा दण्डीपछिका महत्त्वपूर्ण काव्यशास्त्री रीतिवादी वामनको उदय हुन्छ । उनले रीतिलाई काव्यको आत्माको रूपमा परिभाषित गरेका छन् । उनका विचारमा विशिष्ट पदरचनाले युक्त भएको काव्य रीतिकाव्य हो । उनले प्रयोग गरेको विशिष्ट पदले घुमाउरो ढङ्गले वक्रोक्तिलाई सङ्केत गरेको बुझिन्छ तर उनले स्पष्ट रूपमा भने सादृश्यलक्षणालाई वक्रोक्ति मानेका छन् । रुद्रट्ले शव्दालङ्कारका रपमा रहेका काकु वक्रोक्ति र श्लेष वक्रोक्तिका रूपमा वक्रोक्तिलाई सीमित गरेका छन् । ध्वनिवादी आचार्य आनन्दवर्द्धनले प्रत्यक्ष रूपमा वक्रोक्तिको विश्लेषण गरेको पाइँदैन । उनले अतिशयोक्तिको पर्यायको रूपमा वक्रोक्तिलाई स्पर्श गर्ने प्रयास गरेका छन् तर उनको ध्वन्यालोक कुन्तकको वक्रोक्ति जीवितम्को आधारभूमि रहेका आशय नगेन्द्रको रहेको

छ । अभिनव गुप्तले अलङ्कारको रूपमा रहेको अतिशयोक्तिका रूपमा वक्रोक्तिलाई परिचित गरेको छन् । अन्य रसवादी आचार्य विश्वनाथ, मम्मट आदिले वक्रोक्तिलाई त्यति महत्त्व दिएको पाइँदैन । उनीहरूले वक्रोक्तिलाई सामान्य अलङ्कारको रूपमा मात्र स्थान दिएको पाइन्छ ।

पूर्वीय काव्यशास्त्रमा वक्रोक्तिसम्बन्धी अध्ययन भामहदेखि प्रारम्भ भएको पाइन्छ । वक्रोक्तिलाई विशेष आधारभूमि भने आनन्दवर्द्धनको ध्वन्यालोकबाट भएको देखिन्छ । यसैलाई मुख्य स्रोत बनाई कुन्तकले 'वक्रोक्ति जीवितम्' को सिर्जना गरेका हुन् । उनले "वाक्छल, क्रीडालाप, परिहासजल्पित, चमत्कारपूर्ण वचन वा विदग्धता आदि अर्थमा प्रयोग हुँदै एक अलङ्कार विशेषका रूपमा मात्र रहेको आफूपूर्वको वक्रोक्ति शव्दलाई कुन्तकले नै व्यापक अर्थमा ग्रहण गरी एउटा परिपूर्ण, वस्तुगत एवं समन्वयवादी सिद्धान्तका रूपमा वक्रोक्ति सिद्धान्तको स्थापना गरेका हुन् " (गौतम,२०२०,पृ.११२) । कुन्तकले काव्यको आत्माको रूपमा वक्रोक्तिलाई परिचित गर्दै भनेका छन् - "वक्रोक्तिः प्रसिद्धाभिधानव्यतिरेकिणी विचित्रैवाभिधा । कीदृशी- वैदग्ध्यभङ्गीभणितिः । वैदग्ध्यं विदग्धभावः कविकर्मकौशलं तस्य भङ्गी विच्छतिः, तया भणितिः विचित्रैवाभिधा वक्रोक्तिरित्युच्यते " (मिश्र,२०४७, पृ.४८) । अर्थात् कुन्तकका‌अनुसार वक्रोक्ति भनेको सामान्य किसिमको कथन नभई विचित्र किसिमको कथन हो । विदग्धताको भावलाई वैदग्ध्य भनिन्छ । कविको कर्मकुशलताद्वारा उत्पन्न हिस्सीले युक्त हृदयाकर्षक कथन वा उक्ति वक्रोक्ति हो । समग्रमा अभिधा अर्थ दिनेभन्दा भिन्न, लोक प्रचलित सामान्य अभिव्यक्तिभन्दा पृथक् विशेष प्रकारको अर्थ प्रदान गर्ने वाक्चातुर्यले परिपुष्ट भनाइलाई वक्रोक्ति भनिन्छ । आचार्य कुन्तकले वक्रोक्तिलाई केवल उक्तिमा मात्र अनुबन्धित नगरी वर्णदेखि वाक्य, प्रकरण, प्रबन्धसम्मको आयाममा विस्तारित गरेका छन् । उनले वक्रोक्तिको चिन्तनलाई शब्द र अर्थमा मात्र सङ्कुचित नगरी शब्द र अर्थको हृदयाकर्षक सौन्दर्य कृतिको लघुतम एकाइदेखि बृहत्तम एकाइसम्मका संरचनामा समाहित हुने धारणा राखेका छन् ।

उनले वक्रोक्रोक्तिलाई वर्णविन्यास वक्रता, पद पूवार्द्ध वक्रता, पद परार्द्ध वक्रता, वाक्य वक्रता, प्रकरण वक्रता र प्रवन्ध वक्रता गरी छ भेदमा विभाजन गरी तिनीहरूका उपभेदहरूको समेत चर्चा गरेका छन् । उपभेदहरूको विचरण गर्ने क्रममा उनले वर्णविन्यासअन्तर्गत एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, वर्गान्तरयोगीस्पर्श वर्णविन्यास वक्रता, त-ल-नादि वर्णविन्यास वक्रता, रकारादि वर्णविन्यास गरी छ मुख्यतः छ प्रकारमा विभाजन गरेका छन् । विवेच्य लेख वर्णविन्यास वक्रतासँग सम्बन्धित रहेकाले सैद्धान्तिक पर्याधारका रूपमा वर्णविन्यास वक्रता र यसका उपभेदहरूको विश्लेषण गरी तिनीहरूका आधारमा अध्ययन विश्लेषण गरिएको छ ।

## वर्णविन्यास वक्रताका प्रकारहरू

भाषाको लघुतम अर्थभेदक एकाइलाई वर्ण भनिन्छ । वर्ण अर्थात् अक्षरलाई क्रममा मिलाएर राख्नुलाई वर्णविन्यास भनिन्छ । समग्रमा जहाँ लोक तथा शास्त्रप्रसिद्ध, वर्णको विन्यासभन्दा भिन्न रमणीय ढङ्गद्वारा विन्यास गरिएको हुन्छ । जुन वर्णविन्यास सहृदयीलाई आल्हादित गर्न समर्थ हुन्छ त्यसैलाई वर्णविन्यास वक्रता भनिन्छ । वर्णविन्यास वक्रताले शब्दको सौन्दर्यमा उत्कर्षता प्रदान गर्दछ । वर्णविन्यास वक्रताले स्वरवर्णलाई उपेक्षा गरी व्यञ्जन वर्णलाई मात्र स्थान दिएको देखिन्छ । कुन्तकले व्यञ्जन वर्णद्वारा उत्पन्न हुने शब्दसौन्दर्यलाई भने विशष महत्त्व दिएका छन् (गुप्ता, सन् १९९०,पृ,१०९) । वास्तवमा सहित्यक कृतिमा निहित अभिव्यक्तिलाई फरक ढङ्गले सुसज्जित गरिएका वर्ण वा अक्षरद्वारा उत्पन्न हुने विवधतामय सौन्दर्यलाई वर्णविन्यास वक्रता भनिन्छ (अवस्थी,२०५५, पृ.५०) । कुन्तकले वर्णविन्यास वक्रताका विभिन्न भेद तथा उपभेदहरूको समेत चर्चा गरेका छन् । उनले चर्चा गरेका भेदहरूलाई विभिन्न विद्वान्हरूले फरक फरक ढङ्गले उल्लेख गरेका छन् । विशेष गरेर वर्णविन्यास वक्रतालाई व्यवधानयुक्त वर्णविन्यास वक्रता, व्यवधान विहीन वर्णविन्यास वक्रता, ध्वनितात्त्विक उच्चारणगत वर्णविन्यास वक्रता, भावानुकूल वर्णविन्यास वक्रता, तथा यमक र यमकाभास वर्णविन्यास वक्रता, गरी जम्मा पाँच प्रकारमा

विभाजन गरेको पाइन्छ । समग्रमा कुन्तक तथा अन्य विद्वान्हरूका मतका आधारमा वर्णविन्यास वक्रतालाई निम्न प्रकारमा विभाजन गरी विश्लेषण गर्न सकिन्छ -

**एकवर्णविन्यास वक्रता**
**द्विवर्णविन्यास वक्रता**
**बहुवर्णविन्यास वक्रता**
**वर्गान्तरयोगीस्पर्श वर्णविन्यास वक्रता**
**त-ल-नादि वर्णविन्यास वक्रता**
**रकारादि वर्णविन्यास**

**क) एकवर्णविन्यास वक्रता :** कुनै एउटा वर्ण वा अक्षर दोहोरिएर काव्यमा सौन्दर्य उत्पादन हनुलाई एकवर्णविन्यास वक्रता भनिन्छ। एकवर्णविन्यासमा अल्प समयमा कुनै समान वर्णहरू दोहोरिएर काव्यसौन्दर्यलाई सबलीकृत गर्दछन्। यस्तो प्रक्रियालाई अलङ्कारवादीहरू एक शब्दालङ्कारको स्वरूप ठान्दछन्। एकवर्णविन्यास वक्रतालाई पनि मुख्यतः व्यवधानयुक्त वर्णविन्यास वक्रता र व्यवधानविहीन वर्णविन्यास वक्रता गरी दुई रूपमा विभाजन गरिएको पाइन्छ । कुनै वर्ण लगातार दोहोरिएर आएमा त्यस्तो वक्रतालाई व्यवधानयुक्त वर्णविन्यास वक्रता भनिन्छ भने कुनै निश्चित अन्तरालमा दोहोरिएर आएमा त्यस्तो वक्रतालाई व्यवधानविहीन वर्णविन्यास वक्रता भनिन्छ ।

**ख) द्विवर्णविन्यास वक्रता:** कुनै द्विवर्णको आवृत्तिका माध्यमबाट काव्यमा उत्पन्न शब्दसौन्दर्यलाई द्विवर्णविन्यास वक्रता भनिन्छ। द्विवर्णविन्यास वक्रतामा अल्प समयमा कुनै दुई वर्णहरू दोहोरिएर काव्यसौन्दर्यमा अभिवृद्धि गर्दछन्। एकवर्णविन्यास वक्रताझै यसमा पनि कुनै द्विवर्ण लगातार दोहोरिएर आएमा त्यस्तो वक्रतालाई व्यवधानयुक्त द्विवर्णविन्यास वक्रता भनिन्छ भने कुनै निश्चित अनतरालमा वर्ण दोहोरिएर आएमा त्यस्तो वक्रतालाई व्यवधानविहीन द्विवर्णविन्यास वक्रता भनिन्छ । यसरी द्विवर्णविन्यास वक्रताले काव्यको सौन्दर्यवृद्धिमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ।

**ग) बहुवर्णविन्यास वक्रता :** दुईभन्दा बढी वर्णहरू दोहोरिएर काव्यमा उत्पन्न भएको सौन्दर्यलाई बहुवर्णविन्यास वक्रता भनिन्छ । बहुवर्णहरूको पटक पटकको आवृत्तिले काव्यको गरिमा बढाएको हुन्छ । यसमा पनि एक वर्णविन्यास वक्रता र द्विवर्णविन्यास वक्रतामा झै कुनै बहुवर्ण लगातार दोहोरिएर आएमा त्यस्तो वक्रतालाई व्यवधानयुक्त बहुवर्णविन्यास वक्रता भनिन्छ भने कुनै निश्चित अन्तरालमा वर्ण दोहोरिएर आएमा त्यस्तो वक्रतालाई व्यवधानविहीन बहुवर्णविन्यास वक्रता भनिन्छ। बहुवर्णविन्यास वक्रताले काव्यमा श्रुतिमधुरता तथा आल्हादकारितामा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ।

**घ) वर्गान्तरयोगीस्पर्श वर्णविन्यास वक्रता:** पञ्चम वर्ण जोडिएर आउँदा काव्यमा सिर्जना हुने शब्दसौन्दर्यलाई वर्गान्तरयोगीस्पर्श वर्णविन्यास वक्रता भनिन्छ । देवनागरीका ङ, ञ, ण, न, म वर्णहरूलाई पञ्चम वर्ण भनिन्छ । पञ्चम वर्णहरूलाई नासिक्य वर्ण पनि भनिन्छ । नासिक्य वर्णमा ङ्क,ञ्च,ण्ट, न्त,म्पजस्ता संयुक्त वर्णहरूको आवृत्ति हुने गर्दछ । पञ्चम वर्णहरू जोडिएर आउँदा काव्यको सौन्दर्यवर्द्धनमा टेवा पुग्दछ (वर्मा, सन्,२०१३, पृ.१७५)।

**ङ) त-ल-नादि वर्णविन्यास वक्रता:** त, ल, न वर्णहरू एकैचोटि दोहोरिँदा उत्पन्न हुने शब्दसौन्दर्यलाई त-ल-नादि वर्णविन्यास वक्रता भनिन्छ। कुन्तकले यसलाई "द्विरुक्तास्त-ल-नादयः( मिश्र,२०४७, पृ.१०४ )" को संज्ञा दिएका छन्। त, ल,न एकै स्थानमा दोहोरिँदा क्रमशः त्त, ल्ल, न्न हुन्छन्। यी संयुक्त वर्णहरूको आवृत्तिले काव्यमा श्रुति मधुरता तथा मनोहारिताको वृद्धि हुन्छ। कुन्तकले त -ल-नादयःमा आएको आदि शब्दले अन्य वर्णहरूलाई सङ्केत मात्र गरेका छन्। स्पष्ट रूपमा उल्लेख नगरेको हुनाले केवल तीन वर्ण त,ल,नलाई यसअन्तर्गत राख्न सकिन्छ।

**च) रकारादि वर्णविन्यास वक्रता**: 'र'वर्णको रेफ तथा आधि वर्ण 'र्' वर्णको आवृत्तिबाट उत्पन्न हुने उक्तिवैचित्र्यलाई रकारादि वर्णविन्यास वक्रता भनिन्छ । वीर रसले युक्त ओजस्वी काव्यमा यसको प्रयोग बढी मात्रमा भएको देखिन्छ । रेफादिको सुन्दर संयोजनले काव्यको गरिमा वृद्धिमा अहं भूमिका खेलेको हुन्छ ।

कुन्तकले माथि उल्लेख गरिएका बाहेक परुषा, कोमला, उपनागरिका वृत्तिहरू तथा यमक र यमकाभासलाई समेत वर्णविन्यास वक्रताअन्तर्गत राखेर विश्लेषण गरेका छन् । यति हुँदाहुँदै पनि मुख्य रूपमा माथि उल्लेख गरिका छ भेदहरूका आधारमा विवेच्य लेखलाई विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## विश्लेषण र नतिजा

प्रस्तुत लेखमा 'सावित्रीको बाख्रो' कथामा प्रयुक्त वर्णविन्यासअन्तर्गतका एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता, त-ल-नादिवर्ण विन्यास वक्रता, रकारादि वर्णविन्यास वक्रताको विश्लेषण गरी तिनैका आधारमा वर्णविन्यासको अवस्थाको अन्वेषण गरिएको छ ।

विवेच्य लेखमा 'आवर्त' कथासङ्ग्रहमा सङ्कलित 'सावित्रीको बाख्रो' कथामा वर्णविन्यास वक्रताका मुख्य छ भेदहरूको पहिचान गरी तिनै घटकहरूका आधारमा वर्ण विन्यासवक्रताको अवस्थाको विश्लेषण गरिएको छ ।

**क) 'सावित्रीको बाख्रो' कथामा एकवर्णविन्यास वक्रता:** विवेच्य लेखमा एउटै वर्णको पुनरावृत्तिबाट सिर्जना हुने वक्रताका केही नमुनाहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरिको छ -

१.१ एकदिन एक मित्र सज्जन आए।। पृ.१. १.

१.२ मेरो खिल्ली उडाउन थाले । पृ.१. १.२

१.३ कुरा कहानी हुन थाल्यो । पृ.१. १.२

१.४ के को लेखक बन्नु भएको ?। पृ.१. २

१.५ झुट्टा प्रेम, मोह, ममताको कुरा लेख्नुहुन्छ।। पृ.१.२

१.६ स्वास्नी छँदै छैन, प्रेम भए पनि भए गरेको कतै देखिँदैन।। पृ.१.३

१.७ त्यस बखत मनमा लागेको उत्तर दिएँ। पृ.१ .४

१.८ हेर्नुस् न ! पृ.२.३

१.९ लिनै आए पनि अब त दिन्नँ ।। पृ.३. ४.५

१.१० पानी आएपछि उठेर हात धुन थालेँ।। पृ.३. ७

१.११ भरदिन केही खानै दिइनँ। पृ.३ .११

१.१२ केही भनिन। पृ.३ .११

१.१३ पानी नखाए बाख्रो मर्दैन र ! पृ.३.१५

१.१४ फेरि कसेर बाँधिदिएँ। पृ.४. ६

१.१५ धेरै त बिगारेको छैन है ! पृ.४. ६

१.१६ चावल-दालको कनिका हाल्दिएको त मजासित खायो। पृ.४. १३,१४

१.१७ आधा मिनेट जति होला, म चूप नै बसिरहेँ। ६.१८

१.१८ कुन चेतनाले हो। पृ.६. १८,१९

१.१९ खपिनसक्नु भएर म पनि तल ओर्लें। पृ.६. २६

१.२० जम्मै त्यसै राँडीकहाँ पुऱ्याइदिनुहोस्। ७.१

१.२१ बाख्रोले जम्मै चरेको यै होइन र ? ७.२

माथिका कथांशमा रेखाङ्कन गरिएका वर्णहरूले कथामा एकवर्णविन्यास वक्रताको सिर्जना गरेका छन्। १. १ मा 'क' वर्ण, १,२ मा 'ल' वर्ण, १. ३ र १.४ मा 'क' वर्ण, १. ५ मा 'म' वर्ण, १. ६ मा 'न' वर्ण, १.७ मा 'त' वर्ण, १.८ , १.९ र १.१० मा 'न' वर्ण यसै गरी १.११, १.१२, १.१३ मा 'न' वर्ण, १.१४ र १.१५ मा 'र' वर्ण, १.१६ मा 'ल' वर्ण, १.१७ मा 'म' वर्ण, १. १८ र १.१९ मा 'न' वर्ण, १.२० मा 'स' वर्ण, १. २१ मा 'र' वर्णहरू पुनरावृत भएर आएका छन्। यी आवृत्तिले कथामा एकवर्णविन्यास वक्रताको सुन्दर नमुना प्रस्तुत गरेका छन्। यी वर्णहरूले कथामा लयात्मकता तथा श्रुतिमधुरता प्रदान गरेका छन्। अतः यी वर्णहरूलाई एकवर्णविन्यास वक्रताको सफल उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ।

**ख) 'सावित्रीको बाख्रो' कथामा द्विवर्णविन्यास वक्रता:** विवेच्य लेखमा दुई वर्णको पुनरावृत्तिबाट सिर्जना हुने वक्रताका केही कथांशहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरिको छ -

२.१ छिमेकी सारा त्यस्तै छन्। (पृ.१)

२.१ माया ममता, प्रेम स्नेहको मुडमा रहेको मलाई विरक्ति लाग्यो। (पृ.१)

२.३ बोलुँ भने दमाइँ झगडामा पर्नुपर्छ। (पृ.१)

२.४ सावित्रीले के कुनै तबरले बाख्रोलाई पक्री छिडीको कोठामा थुनिराखेकी थिई। (पृ.१)

२.५ बाख्रो एक कुनामा चुपसित बसिरहेको थियो। (पृ.३)

२.६ माथि पुगेर अलिक आराम गर्न ओछ्यानमा त्यसै पल्टेँ। ( पृ.३)

२.७ अनि करुवा बोकेर पानी लिन गई। (पृ.३)

२.८ म ओछ्यानमा नै लडिरहेँ। (पृ.३)

२.९ ऊ फेरि तल गई, बाख्रो कराएको स्वर पनि सुनेँ। (पृ.३)

२.१० सुनेर पनि म चुप नै रहें। (पृ.३)

२.११ एउटा फ्याँकिएको कहतारामा पानी लिएर ऊ तल ओर्ली। (पृ.३)

२.१२ बाख्रोलाई पानी दिएर माथि आफ्नो कोठामा गएर सुती। (पृ.३)

२.१३ उत्तर नदिएरै उसले स्टोभ बाली। (पृ.३)

२.१४ फुकाएरै राखे पनि भाग्दैन। (पृ.४)

२.१५ आजै फुकाएरै दिउँसो छाडिदिएको त सँगसँगै उक्लेर माथि भान्छासम्म आइपुग्यो। (पृ.४)

२.१६ कुरा सुनेर मनमनै अचम्म अनुभव गरेँ। (पृ.४)

२.१७ उसको हो, होइन हामीलाई के थाहा ? (पृ.५)

२.१८ हराएको थियो भने यति नजिकै लिन आउनुपर्दैन थियो ? (पृ.५)

२.१९ यति दुःख गरी-गरी लगाएको यसमा अब छँदै के छ र ? (पृ.७ )

२.२० यो रुवाइ दुःख हो कि क्रोधद्वेग ? (पृ.७)

माथिका कथांशमा रेखाङ्कन गरिएका वर्णहरूले कथामा द्विवर्णविन्यास वक्रताको सिर्जना गरेका छन्। उदाहरणका रूपमा २.१ मा 'छ' र 'स' वर्ण, २.२ मा 'म' र 'क' वर्ण, २.३ मा 'न' र 'म' वर्ण, २.४ मा 'ल' र 'क' वर्ण, २.५ मा 'ब' र 'क' वर्ण, २.६ मा 'म' र 'म'वर्ण, २.७ मा 'न' र 'र' वर्ण, २.८ मा 'म' र 'न' वर्ण, २.९ मा 'र' र 'न' 'न' वर्ण, २.१० मा 'न' र 'र' वर्ण, २. ११ मा 'र' र 'ल' वर्ण, २.१२ मा 'न' र 'म' वर्ण, २.१३ मा 'र' र 'स' वर्ण, २.१४ मा 'र' र 'स' वर्णहरूको आवृत्ति भएको

छ। यसै गरी २.१५ मा ‘स’ र ‘ग’ वर्ण, २.१६ मा ‘न’ र ‘म’ वर्ण, २.१७ मा ‘क’ र ‘ह’ वर्ण, २.१८ मा ‘क’ र ‘न’वर्ण, २.१९ मा ‘र’ र ‘ग’ वर्ण, २.२० मा ‘व’ र ‘द’ वर्णहरू दोहोरिएर आएका छन्। यी वर्णहरूले कथाको बान्कीमा मोहकता तथा श्रुतिमधुरता प्रदान गरेका छन्। द्विवर्णहरूको पुनरावृत्ति कतै कतै दुई स्थानमा भन्दा पनि बढी देखिएको छ। यसले कथाको वर्णविन्यासीय अनुप्रासीयतामा थप रौनकता प्रदान गरेको छ। अतः माथि उल्लेख गरिएका वर्णहरूलाई द्विवर्णविन्यासको सफल उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ।

**ग) ‘सावित्रीको बाख्रो’ कथामा बहुवर्णविन्यास वक्रता:** विवेच्य लेखमा बहुवर्णको पुनरावृत्तिबाट सिर्जना हुने वक्रताका केही कथांशहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरिको छ -

३.१ अन्ततः प्रेम स्नेहको मामिलामा मलाई बज्रमूर्ख साबित गरी सस्नेह उनी गए। (पृ.१.)

३.२ साँच्चिकै त हो नि, कति दुःख गरी गरी लगाएका केनपात बाख्राले खाइसिध्यायो। छिमेकी सारा त्यस्तै छन्। (पृ.१)

३.३ चुप रहेँ भने महिनौंको परिश्रम बाख्रा, गाई गोरुले मिनेटमा नै सखाप पार्ने मामूली कुरो ! तर चुप लाग्नमा कुशल भन्ठानेर अहिलेसम्मको सहेर पन्छाउने धैर्य,परिश्रम त्यस दिन सँगालेर तल ओर्ल्हीं। (पृ.१)

३.४ सावित्रीले के कुनै तबरले बाख्रोलाई पक्री छिडीको कोठामा थुनिराखेकी थिई। (पृ.१)

३.५ कोठाभित्र म्याँ-म्याँ बाख्रोको बोली सुन्दै बारीमा पुगेँ। (पृ.१)

३.६ उसको आँखा अलिक रसाएको जस्तो पनि थाहा पाएँ र उस बखतको उसको रिसमा सन्तोष पनि लाग्यो। (पृ.१)

३.७ उसको आफ्नो दयनीय इच्छापूर्तिको लोभ र केही बिग्रेमा गाली भनाइ खप्नैपर्ने भयचेतना नभए घरका साना साजसर्जाम, माल ताल नष्ट भए पनि कुनै त्यस्तो अवस्थामा एउटा बेवास्ताको मानिसलाई पनि हुने स्वाभाविक खेद र दुःख विषादको सहज मानवीय प्रवृत्तिपर्यन्त उसमा छैन, यो म किटेर भन्न सक्छु। (पृ.२)

३.८ बिस्तारै दैनिक कामहरूले छोप्ने ल्याए र सावित्री त्यसैमा व्यस्त हुँदै गई। (पृ.२)

३.९ बिस्तारै भनेँ, “कुनै माटोसाटोको भाँडोमा राखिदेऊ न !” (पृ.३)

३.१० बिहान साढे चार बजे नै बिउँझने मेरो बानी छ। (पृ.३)

३.११ उठेर आँखा, मुख पखाली, एक गिलास पानी खाएर लेख्न बसेँ। (पृ.३)

३.१२ त्यस दिन सावित्रीले हाँस्तै समाचार मात्र सुनाई- ‘बाख्रो त बाठो छ, के गरेर हो, कसरी डोरीबाट घाँटी फुत्काएछ, झ्यालबाट यस्तो हेर्दा त बिरुवाहरू खाइरहेको। (पृ.५)

३.१३ “हराएको थियो भने यति नजिकै लिन आउनुपर्दैन थियो ? साराको बारी खुवाउन बाख्रो छोडिराखेको, हराएको थियो रे ! तर बाख्रो भने त उसको हुँदै होइन, के दिने ?” (पृ.५)

३.१४ हाम्रो कुराका बीच-बीचमा फत्फताउँदै गरेकी सावित्री, मेरो निर्णय सुन्ने-बित्तिकै मौन हुन गएकी थाहा पाएर अचम्म लाग्यो। (पृ.६)

३.१५ मैले पनि उठेर कोठाबाहिरको मटानको झ्यालबाट मुन्तिर हेरेँ। (पृ.६)

३.१६ सावित्री अपलक आँखाले टुलुटुलु हेरिरहेकी थिई। (पृ.६)

३.१७ दृश्यचाहिँ मलाई पनि कस्तो-कस्तो लागिरहेको थियो। (पृ.६)

३.१८ मैले देखेँ, उसको आँखाबाट अबाध आँसुका थोपा उत्निखेर झरझर झरेर गलामा गुड्न थालेका छन्। (पृ.६)

३.१९ तर आश्चर्य, त्यस्तो केही भएन र उसको नजीक पुग्दा नपुग्दै मतिर हेरी। (पृ.६)

३.२० लिनोस्, लिनोस्, जम्मै त्यसै राँडीकहाँ पुऱ्याइदिनोस् ! यति दुःख गरी-गरी लगाएको यसमा अब छँदै के छ र ? बाख्रोले जम्मै चरेको यै होइन र ? लिनोस्न, लिनोस्, पठाइदिनोस्न !’ (पृ.७)

३.२१ खेतका छेउछाउ भएभरका तरकारी र फूलका बिरुवाहरू उखेली फालेपछि ऊ दर्गुदै माथि पुगी। (पृ.७)

३.२२ हेर्छु त ऊ मैरै कोठाको भुइँमा घोप्टिई बुझिनै नसकिने कुन्नि कस्तो वेदना विह्वल मसिनो सुरमा रोइरहेकी थिई। (पृ.७)

३.२३ मनमा अनेक अस्त-व्यस्त भावधारा ओहोर-दोहोर गर्न थाले- "यसले अनाहकमा खेतका बिरुवा किन उखेली फाली ? (पृ.७)

३.२४ अनि एकाएक, बाख्रो यहाँ छँदै एक पटक घाँटीको बन्धन फुत्काएर बिरुवाहरू चरिदिँदा र बाख्रोकै पक्ष समर्थन गरेकी यही सावित्रीकै अनुहार सम्झेँ। (पृ.७)

३.२५ त्यसैका उत्सर्ग हुन् ती तल उखेलिएका, फालिएका बिरुवाहरू ! र आह ! त्यसैका स्नेह, ममताका उत्सर्ग होइनन् यो आँसु, यी मोहको तरल अर्घ्य ?

माथिका कथांशमा रेखाङ्कन गरिएका वर्णहरूले कथामा बहुवर्णविन्यास वक्रताको सिर्जना गरेका छन्। साक्ष्यका रूपमा ३.१ मा 'न', 'त' 'स' र 'म' वर्णहरू, ३.२ मा 'स', 'क', 'त' वर्णहरू, ३.३ मा 'प', 'ह', 'क', 'न,' 'म' वर्णहरू ३.४ मा 'ल', 'क', 'न' वर्णहरू, ३.५ मा 'क', 'म', 'य' वर्णहरू, ३.६ मा वर्णहरू, ३.६ मा 'ल', 'क', 'र' 'प', 'न', 'ख', 'स' वर्णहरू, ३.७ मा 'क', 'स', 'र' वर्णहरू, ३.८ मा 'क', 'स', 'न', 'ल' वर्णहरू, ३.९ मा 'र', 'भ', 'न', 'म', 'ट' वर्णहरू, ३.१० मा 'न' 'र' 'ब' वर्णहरू, ३.११ मा 'र', 'ख', 'ल' वर्णहरू, ३.१२ मा 'स', 'र', 'क'वर्णहरूको आवृत्ति भएको छ। यसै गरी ३.१३ मा 'ह', 'र', 'न', 'क', 'स', वर्णहरू, ३.१४ मा 'ह', 'र', 'ब', 'ब', 'स', 'न', वर्णहरू, ३.१५ मा 'ल ', न' ', र 'क ', 'म', 'ट', वर्णहरू, ३.१६ मा 'ट ', 'ल', 'क', वर्णहरू, ३.१७ मा 'क ', 'स', 'त', 'ल', वर्णहरू, ३.१८ मा ' म', 'ल', 'ख', 'झ', 'र', वर्णहरू,३.१९ मा ' त', 'र', 'ह', 'न',वर्णहरू, ३.२० मा ' ल', 'न', 'स', 'य', 'क', 'छ', ' ज', 'म', वर्णहरू, ३.२१ मा ' ख', 'त', 'छ', 'र', 'क', 'ल', 'भ' वर्णहरू, ३.२२ मा 'त', 'म', 'र', 'क', 'न', 'स', वर्णहरू, ३.२३ मा 'म', 'न', 'क', 'स', 'व', 'ह', 'त', 'ख', वर्णहरू, ३.२४ मा 'न', 'क', 'ब', 'ह', 'ख', 'स', 'व', 'ट', 'न', 'द', 'य', 'म', वर्णहरू, ३.२५ मा 'क', 'स', 'त', 'ल', 'र', 'ह', 'स', 'म', 'न', 'य', जस्ता वर्णहरू दोहोरिएका छन्। कुनै कुनै वाक्यमा १३ ओटा वर्णहरू दोहोरिएर बहुवर्ण विन्यासीय मधुरतमा रौनकता प्रदान गरेका छन्। कतै पुरै शब्दको आवृत्तिमय अनुप्रसीय मोदकताले बहुवर्णविन्यास वक्रताको महत्त्वलाई थप उचाइतर्फ अग्रसर हुन अभिप्रेरित गरेको छ।

**घ) वर्गान्तरयोगीस्पर्श वर्णविन्यास वक्रता:** विवेच्य लेखमा पञ्चम वर्णको प्रयोगबाट उत्पन्न हुने शब्दसौन्दर्यसँग सम्बन्धित वर्गान्तरयोगी स्पर्शवर्णविन्यास वक्रताका केही कथांशहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरिको छ -

४.१ प्रेमको अनुभव कहाँसम्म के कस्तो छ, इत्यादि पनि भन्न हुने सीमासम्म भनेँ। (पृ.१)

४.२ वस्तुतः त्यो निम्नकोटिको संस्कारप्राप्त क्षुद्र र कुटिल लोभ, स्वार्थमा खुट्टादेखि टाउकोसम्म मुछिएको एउटी नोकर्नीबाहेक अरू केही पनि होइन। (पृ.२)

४.३ उसको आँखा अलिक रसाएको जस्तो पनि थाहा पाएँ र उस बखतको उसको रिसमा सन्तोष पनि लाग्यो। (पृ.२)

४.४ यो म किटेर भन्न सक्छु। (पृ.२)

४.५ बरु म नरिसाऊँ' भन्ने सावधानीले हो कि केले हो, बाख्रोको दुष्ट्याइँलाई सकेसम्म महत्त्वहीन नरम पारी उसप्रति मेरो सहानुभूति उमाल्नेतर्फ बढ्ता जोर थियो (पृ.३)

४.६ उसलाई पनि थाहा छ कि यहाँ पाएजतिको सुख-सुविस्ता अन्त कतै पनि भान्छेको वा अन्य कुनै सेवाकार्य गरेर ऊ पाउँदिन। (पृ.४)

४.७ अन्त कतै पनि मालिक नाउँको कुनै जन्तुकहाँ अवश्यमेव चल्ने व्यावहारिकता होइन। (पृ.४)

४.८ मेरो काम गर्नु त कहाँ-कहाँ, घरको सेवा-स्याहार गर्नु त कहाँ-कहाँ, कहिले बाख्रो चराउने धौ-धौ, कहिले उसलाई पानी खुवाउने सतर्कता, कहिले बाख्रोको गुणवर्णन सुन्दासुन्दै मेरो मालिकत्व भने मनमनै भुटभुटिन थाल्यो। (पृ.४)

४.९ बीच-बीचमा बाख्रोकी मालिक्नीले पनि जवाफको ढुङ्गा हान्दै बगिरहेको विभिन्न तर्कधारामा अवरोध पार्ने कोशिश गरी। (पृ.५)

४.१० बाख्रो मेरो हो। उसको हो, होइन हामीलाई के थाहा ? उसले भन्दैमा बाखो दिने र ?" (पृ.५)

४.११ मेरो जम्मै तरकारी, फूलका बिरुवापात खाइसिध्याएको नोक्सानी कसले तिर्ने ?" (पृ.५)

४.१२ पन्ध्र-बीस मिनेटपछि जब दुवैका पक्ष मेरो निर्णयलाई उन्मुख भए, मैले भनेँ– "हेर, नोक्सानी धेरै भयो, बाख्रोलाई त अड्डामा नै पुर्याउनु पर्ने, लिलाम हुन्थ्यो, तर भो, अबदेखि यस्तरी बाख्रो छोडेर कसैको फलफूल केनपातमा चर्न नलगाऊ। अब फेरि यतातिर बाख्रो आयो भने मारिदिन्छु। जाऊ, बाख्रो लिएर यस पटक जाऊ।" (पृ.६)

४.१३ छिनभरिमा नै ऊ त्यस्तो कोमल र त्यस्तरी क्लान्त, असहाय भएर देखापर्छे र उसको त्यस्तो पीर निर्बल, अबला मुद्रा म हेर्न सकूँला भन्ने आशा त के ममा कुनै कल्पना पर्यन्त थिएन। (पृ.६)

४.१३ कुशल यति मात्रै थियो कि मेरो कोठा अगाडि मैरै सामुन्नेको भन्सुन भएर प्रवाहगर्जन भने मद्धिम थियो। (पृ.५,६)

४.१४ हेर, नोक्सानी धेरै भयो, बाख्रोलाई त अड्डामा नै पुऱ्याउनु पर्ने, लिलाम हुन्थ्यो, तर भो, अबदेखि यस्तरी बाख्रो छोडेर कसैको फलफूल केनपातमा चर्न नलगाऊ (पृ.६)

४.१५ निमेषभित्रै मानो जम्मै छर्लङ्ग पारेर भित्रको कुनै देउताले झ्याली पिट्दै चिच्यायो। (पृ.७)

माथिका कथांशमा रेखाङ्कन गरिएका वर्णहरूले कथामा वर्गान्तरयोगी स्पर्शवर्णविन्यास वक्रताको सिर्जना गरेका छन्। उदाहरणका रूपमा ४.१ मा 'म्म', 'न्न', 'म्म', वर्णहरू, ४.२ मा 'म्म', वर्णहरू, ४.३ मा 'न्तो', वर्णहरू, ४.४ मा 'न्न वर्णहरू, ४.५ मा 'न्ने', 'म्म', वर्णहरू, ४.६ मा 'न्त', वर्णहरू, ४.७ मा 'न्त', 'न्तु', वर्णहरू, ४.८ मा 'न्दा,' 'न्दै', वर्णहरू, ४.९ मा 'न्दै' वर्णहरू, ४.१० मा 'न्दै' वर्णहरू, ४.११ मा 'म्मै', वर्णहरू, ४.१२ मा 'न्ध्र', वर्णहरू ४.१३ मा 'न्ने' वर्णहरू, ४.१४ मा 'न्थ्यो' वर्णहरू, ४.१५ मा 'म्मै', 'ङ्ग', वर्णहरू पञ्चम वर्णसँग सम्बन्धित छन्। यी वर्णहरूले कथाका अंशहरू श्रुतिमधुरताले भरिपूर्ण भएका छन्।

**ङ) त-ल-नादि वर्णविन्यास वक्रता:** विवेच्य लेखमा त,ल,न वर्णको पुनरावृत्तिबाट सिर्जना हुने वक्रताका केही नमुनाहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरिको छ -

५.१ सज्जन मित्र भने खिल्ली उडाउँदै रहे- मुड नै त्यस्तै लिएर आएका थिए। (पृ.१)

५.२ मेरो अनुभवमा त त्यो आइमाई पनि एउटी त्यस्तै हृदयहीन केटी हो, जसको हृदयतत्त्व स्वार्थ र (नोकरी अभ्यासजन्य) व्यवसायिकता देखाइसकेको थियो। (पृ.२)

५.३ त्यस्ती सावित्रीलाई, बारीको केनपात बाख्रोले खाइदिँदैमा यत्तिका दुःख-उत्तेजित देखेर अचम्म लाग्नुको सट्टा मलाई कुन्नि कहाँ हो कहाँ सन्तोष पनि लाग्यो। (पृ.२)

५.४ मलाई देख्नेबित्तिकै भनी-"छिडीमा थुनिदिएकी छु। त्यसलाई भोकभोकै नमारी कहाँ छोड्छु र ? जम्मै खाइसिध्यायो।"(पृ.२)

५.५ हजुर भन्ने प्रत्युत्तर आयो। (पृ.३)

५.६ सुनेर झर्कदै भनें– "चिया पकाउनु त कहाँ कहाँ, अब बाख्रोलाई खुवाउने जरुरी पऱ्यो। अहिल्यै बाख्रा चराउन केको जरुरी थियो र ?" उत्तर नदिएरै उसले स्टोभ बाली। (पृ.३)

५.७ प्रश्न सुनेर कुन्नि किन हो, हाँसो उठेर आयो। तर हाँसिन। बिस्तारै भनेँ, "कुनै माटोसाटोको भाँडोमा राखिदेऊ न !" (पृ.३)

५.८ उसको जम्मै नोकर-प्रवृत्तिको कुरूप संस्कारलाई समेत विचार र हृदयशीलतामा प्रश्रय दिएको हुँ। (पृ.३)

५.९ कदाचित् उसको मालिक पत्तै पाएको थिएन होला कि बाख्रो त यहाँ छ। (पृ.३/४)

५.१० ऊ मूल सडकपारि गल्लीमा बाहुनको छिंडीमा बस्ने केदारकी आमाले भन्छे, "बाख्रो उसको हो। आज दश-बाह्र दिनदेखि

हराएको थियो रे !" (पृ.५)

५.११ मेरो त्यति समर्थनात्मक कुरा सुनेर सावित्रीलाई अब के चाहियो ? बिरुवाहरूको कष्टसाध्य उब्जा, परिणाम र फूल तरकारीहरूको कठिनप्राप्त गुन, रूप सौन्दर्य, स्वाद, सौरभ जम्मैको महत्त्व संयुक्त तर्कका अग्रज धारा मूल्य र क्षतिको दुःसाध्य परिमाणमा बगे। (पृ.५)

५.१२ यत्तिकैमा बाख्रोकी घोषित मालिक्नी पनि मेरो कोठाको अगाडि आई उभिई। (पृ.५)

५.१३ वाल्ल परेर अलिक टाढै मूक, हतबुद्धि म उभिइरहेँ। (पृ.७)

५.१४ जम्मै घटित दृश्यमा जिल्ल, उभिरहेर पनि अलिक संयम भई म माथि पुगेँ। (पृ.७)

५.१५ हेर्छु त ऊ मेरै कोठाको भुइँमा घोप्टिई बुझिनै नसकिने कुन्नि कस्तो वेदना विह्वल मसिनो सुरमा रोइरहेकी थिई। (पृ.७)

माथिका कथांशमा रेखाङ्कन गरिएका संयुक्त वर्णहरूले कथामा त-ल-नादि वर्णविन्यास वक्रताको सिर्जना गरेका छन्। साक्ष्यका रूपमा ५.१ मा 'ल्ली' वर्ण, ५.२ मा 'त्त्व' वर्ण, ५. ३ मा 'त्ति' र 'न्नि' वर्णहरू, ५.४ मा 'त्ति' वर्ण, ५.६ मा 'त्त' वर्ण, ५.७ मा 'न्नि' वर्ण, ५.८ मा 'त्ति' वर्ण, ५.९ मा 'त्तै' वर्ण, ५.१० मा 'ल्ली' आदि उदाहरणमा त, ल, न वर्णहरूको पुनरावृत्ति भएको छ । यसै गरी ,५.११ मा 'त्त' वर्ण, ५.१२ मा 'त्ति' वर्ण, ५.१३ मा 'ल्ल' वर्ण, ५.१४ मा 'ल्ल',वर्ण, ५.१५ मा 'न्नि' वर्णको सुन्दर संयोजन गरिएको छ। माथिको उदाहरणमा उल्लेख गरिएका त, ल र न वर्णहरूको द्विरुक्त संयोजनले कथाको गरिमामा सुन्दर बान्कीको सिर्जना भएकाले विवेच्य कथामा त-ल -नादि वर्णविन्यास वक्रताको प्रयोग भएको पुष्टि गर्न सकिन्छ। अन्य वर्णविन्यासको तुलनामा त-ल -नादि वर्णविन्यास वक्रताको प्रयोगमा केही न्यूनता देखिए पनि कथामा यसको प्रयोगले थपेको हृदयाकर्षक बान्की स्मरणीय रहेको छ।

**च) रकारादि वर्णविन्यास वक्रता:** विवेच्य लेखमा रकारादि वर्णहरूको प्रयोगबाट सिर्जना हुने वक्रताका केही कथांशहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरिको छ -

६.१ लेखिएका जम्मै कुरा कितापी प्रेम मात्र ! इत्यादि ! त्यस बखत मनमा लागेको उत्तर दिएँ। (पृ.१)

६.२ उनी गएका मात्रै के थिए, तल बारीमा रहेकी सावित्रीले हस्याङ फस्याङ गर्दै मेरो सफा राम्रो कोठामा थुप्रै झारपात ल्याई थुपारी, "लौ हेर्नुस्। यो काँक्रोको यो फूल यो फर्सी, लौका, जम्मै खायो। दिनहुँ पानी पाटेँ, स्याहारेँ, उमारेँ जम्मै सखाप !" मारी नै दिन्छु दाह्रा किट्दै खुट्टा बजार्दै तल ओर्ल्हीं।

६.३ सावित्री मेरो भात पकाउने र अह्राएको घरको काम गर्ने भान्छे केटी ! इच्छा नरहे पनि मेरा रिसको डरले कोठा सफा पार्ने, घरको मालताल थन्क्याउने इत्यादि भएभरको काम ऊ गर्छे। (पृ.२)

६.४ तर रुचिले होइन कि गर्नु परिहाल्छ, गर्नैं पर्छ भन्ने विवशताले मात्र ! विवशता केको छ भने, राम्रो राम्रो खान लाउन पाउने तथा उसको सोखअनुसार मन पर्ने राम्रा राम्रा मालतालको उपयोग गर्ने, रेडियो बजाउने र यसरी छिनभरीकै लागि भए पनि पाउने सन्तुष्टि लाभ र गाली भनाइ खप्नु पर्ने अलिक भए मात्र। (पृ.२)

६.५ त्यसदिन सावित्रीले हाँस्तै समाचार मात्र सुनाई- 'बाख्रो त बाठो छ, के गरेर हो, कसरी डोरीबाट घाँटी फुत्काएछ, झ्यालबाट यस्तो हेर्दा त बिरुवाहरू खाइरहेको।

६.६ सामाचार सुनाउनुमा आक्रोश, क्रोध थिए। बरु म नरिसाऊँ' भन्ने सावधानीले हो कि केले हो, बाख्रोको दुष्ट्याइँलाई सकेसम्म महत्त्वहीन नरम पारी उसप्रति मेरो सहानुभूति उमाल्नेतर्फ बढ्ता जोर थियो। (पृ.४)

६.७ हराएको थियो भने यति नजिकै लिन आउनुपर्दैन थियो ? साराको बारी खुवाउन बाख्रो छोडिराखेको, हराएको थियो रे ! तर बाख्रो भने त उसको हुँदै होइन, के दिने ? (पृ.५)

६.८ "तिम्रै बाखो भए अर्काको बारी चराउन किन छोडिराखेको त ? मेरो जम्मै तरकारी, फूलका बिरुवापात खाइसिध्याएको

नोक्सानी कसले तिर्ने ?" ( पृ.५)

६.९ बीच-बीचमा बाख्रोकी मालिक्नीले पनि जवाफको ढुङ्गा हान्दै बगिरहेको विभिन्न तर्कधारामा अवरोध पार्ने कोशिश गरी। (पृ.५)

६.१० मेरो यतिका दिनका सम्पर्क अनुभवमा रहेकी त्यस्ती दरिलो र कठिन सावित्रीको त्यस्तो रूप मैले अझसम्म हेर्न पाएको थिइनँ। (पृ.६)

६.११ कदाचित् सावित्रीको मूकता र मेरो आश्चर्य-आकृतिको प्रभाव बाख्रोकी स्वामिनीमा पनि पऱ्यो र ऊ केही नबोलेरै बिस्तारै तल ओर्ल्ही। (पृ.६)

६.१२ बाख्रोलाई डोऱ्याएर उसकी मालिक्नी गइरहेकी थिई र बाख्रो चाहिँ इनारमा उभेकी सावित्रीतिर घुमी-घुमी मुख फर्काउँदै "म्याँ…म्याँ" कराउँदै तानिइँदै गइरहेको थियो। (पृ.६)

६.१३ हाम्रा कुराका बीच-बीचमा फत्फताउँदै गरेकी सावित्री, मेरो निर्णय सुन्नेबित्तिकै मौन हुन गएकी थाहा पाएर अचम्म लाग्यो। (पृ.६)

६.१४ अनि मेरो न्यायादेशको सम्पूर्ण अवज्ञात्मक प्रतिरोधलाई तयार-तत्पर सावित्रीको कल्पित अनुहारमा नजर पुऱ्याएको त मनमनै त्रस्त हुन गएँ। (पृ.६)

६.१५ त्यसैका उत्सर्ग हुन् ती तल उखेलिएका, फालिएका बिरुवाहरू ! र आह ! त्यसैका स्नेह, ममताका उत्सर्ग होइनन् यो आँसु, यी मोहको तरल अर्घ्य ?

माथिका उदाहरणमा आएका 'र'वर्णका विभिन्न रूपहरू ('रेफ' 'र्' ) ले कथामा रकारादि वर्णविन्यास वक्रताको उदय भएको छ। साक्ष्यका रूपमा ६.१ मा 'प्रे', 'त्र', वर्णहरू, वर्ण, ६.२ मा 'त्रै', 'त्री', 'म्रो', 'क्रो', वर्ण, ६.३ मा 'त्री', 'ह्रा', 'र्ने', 'र्छे', वर्णहरू, ६.४ मा 'र्नै', 'र्छ', 'म्रो', 'म्रा', वर्णहरू, ६.५ मा 'त्री', ''ख्रो, 'र्दा', वर्णहरू , ६.छ मा 'क्रो', 'ख्रो', 'प्र', 'र्फ', वर्णहरू, ६.७ मा 'र्दै', 'ख्रो', वर्णहरू, ६.८ मा 'म्रै', 'र्ने', वर्णहरू, ६.९ मा 'ख्रो', 'र्क', 'र्ने', वर्णहरू, ६.१० मा 'र्क', 'त्री', 'र्न', वर्ण,हरू, ६.११ मा 'त्री', 'कृ', 'र्य', 'ख्र', 'ऱ्यो', 'र्ल्ही' वर्ण, ६.१२ मा 'ख्रो', 'ऱ्या', 'त्री', 'र्का', वर्ण,हरू ६.१३ मा 'म्रा', 'त्री', 'र्ण', वर्णहरू ६.१४ मा 'र्ण', 'त्री', 'ऱ्या', वर्णहरू ६.१५ मा 'र्ग', 'र्घ्य' आदि रकारादि वर्णविन्यासको प्रयोगले कथाका पदपदावलीहरूमा श्रुतिमधुरताको सिर्जना भएको छ। अवश्यमेव अन्य वर्णविन्यास वक्रताको तुलनमा रकारादि वर्णविन्यास वक्रता न्यून रूपमा प्रयोग भएको देखिएको छ तर यसले कथामा प्रदान गरेको शब्दसौन्दर्यको गरिमा भने उच्च कोटिको रहेको छ।

## निष्कर्ष

भवानी भिक्षुद्वारा रचित 'सावित्रीको बाख्रो' कथामा मानव जीवनको सहज उच्छलनको भाव अभिव्यक्त भएको पाइन्छ। काव्यिक चमत्कृति कविता-काव्यमा मात्र हैन कथामा पनि प्राप्त गर्न सकिन्छ भन्ने मतलाई यस कथाले पुष्टि गरेको छ। दसौ शताब्दीका पूर्वार्धतिरका कुन्तकद्वारा प्रतिपादित वक्रोक्ति सिद्धान्तलाई आधार मानी सिर्जना गरिएको प्रस्तुत लेखमा वक्रोक्तिका छ भेदमध्ये वर्णविन्यास वक्रतालाई मुख्य केन्द्रमा राखी विश्लेषण गरिएको छ। विवेच्य लेखसँग सम्बन्धित प्रस्तुत लेखमा वर्णविन्यास वक्रताका छ ओटै भेदहरूको सुन्दर संयोजन भएको देखिन्छ। एकवर्णविन्यास वक्रता, द्विवर्णविन्यास वक्रता, बहुवर्णविन्यास वक्रता एवम् वर्गान्तरयोगीस्पर्श वर्णविन्यास वक्रताका प्रशस्त नमुनाहरू प्रस्तुत लेखमा प्राप्त गर्न सकिएको छ तर रकारादि वर्णविन्यास वक्रता र त-ल-नादि वर्णविन्यास वक्रताको प्रयोग भने न्यून रूपमा प्राप्त भएका छन्। कुनै कुनै पृष्ठमा प्रयोगमा आएका टुलुटुलु, झरझर झरेर, लिनोस्न, लिनोस्, पठाइदिनोस्न जस्ता शब्दावलीले काव्यात्मकता प्रदान गरेका छन्। विशेषतः कविता- काव्यमा खोजिने वक्रता कथामा प्राप्त गर्न सहज नभए पनि विवेच्य कथामा वर्णविन्यास वक्रताको प्रयोग सहज तथा प्रभावकारी रूपमा भएको देखिन्छ।

**कृतज्ञतापन**

प्रस्तुत लेख पढी सारगर्भित सुझाव प्रदान गरेर लेखलाई परिमार्जन गर्न सहयोग पुऱ्याउनुहुने विज्ञज्यूप्रति हार्दिक आभार तथा कृतज्ञता प्रकट गर्दछु ।

**सन्दर्भ सामग्रीसूची**

गुप्ता, सुधा. (सन्.१९९०). वक्रोक्ति सिद्धान्त और हिन्दी कविता. राधा पब्लिकेसन्स ।

गौतम, अङ्गदमणि. (सन्. २०२०). वक्रोक्ति सिद्धान्त र शैलीविज्ञानको तुलनात्मक अध्ययन. https://doi.org/10.3126/nutaj.v7i1-2.40004

घोडासैनी, खगेन्द्र. (२०७७). कथाको रचनाविधान. सनलाइट प्रकाशन ।

दिक्पाल, राजकुमार. (२०७९). भवानी भिक्षुको त्यो डायरी. https://jhannaya.nayapatrikadaily.com/news-details/1740/2022-06-04

देवेन्द्रनाथ, (सन्. १९८५). काव्यालङ्कार. राष्ट्रभाषा परिषद् ।

पोख्रेल, गुरुप्रसाद. (सन्. २०२४). भवानी भिक्षुको कथामा पात्रविधान. https://doi.org/10.3126/jmcrj.v13i1.73387

बराल, खिलप्रसाद. (सन्.२०२१). समकाली नेपाली गद्यकवितामा वर्णविन्यास वक्रता https://www.researchgate.net/publication/352851927_samakalina_nepali_gadyakavitama_varnavin'yasavakrata_Characterization_in_contemporary_Nepali_prose_poetry

बस्नेत, सरोज. (२०८०). शिल्पीमा सावित्रीको बाख्रो. https://www.nepalviews.com/2023/07/16/179339/

भट्टराई, ध्रुवप्रसाद. (सन्. २०२०). वक्रोक्तिका प्रकार र नेपाली लोककविता. https://doi.org/10.3126/cdj.v0i42.33237

भिक्षु, भवानी. (२०३८). आवर्त. (तेस्रो. संस्क.) साझा प्रकाशन ।

मिश्र, राधेश्याम. (२०४७). वक्रोक्ति जीवितम्. (हिन्दी व्याख्या. पाँ. संस्क.). चौखम्बा संस्कृत संस्थान ।

वर्मा, हरिश्चन्द्र. (सन्. २००९). हिन्दी साहित्यकोश.  ज्ञानमण्डल लिमिटेड ।

शर्मा, शिवम्. (सन्. २०२२). ध्रुवचन्द्र गौतमको 'तदुपरान्त' कथामा वक्रोक्ति प्रयोगको विश्लेषण https://ir.nbu.ac.in/server/api/core/bitstreams/364cc450-0d02-43f2-a44e-a60468d1ac8f/content

शास्त्री, रङ्गाचार्य. (सन्. १९३८). काव्यालङ्कार सूत्रवृत्ति. वाणीविलास प्रेस ।